छथर जोरपाटी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जोरपाटी, धनकुटा

प.सं: २०८३।८४

च.नं:

कोशी प्रदेश, नेपाल

विषयः-प्रस्तावाना आव्हान गरिएको सूचना ।

*प्रथम पटक प्रकाशित सूचना मितिः-२०८३।०६।१९*

यस कार्यालयको आ.व ०८३।८४ को वार्षिक स्वीकृत कार्यक्रम अन्तरगत कृषि शाखाले तपशिल अनुसारका कार्यक्रमहरु तोकिएका वडाहरुमा सञ्चालन गर्नुपर्ने भएकोले यस गाउँपालिका क्षेत्र भित्र रहेको कृषि सहकारी/कृषक समुह/कृषि फर्म/टोल विकास संस्थाहरुले तपशिल बमोजिम आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३१औं दिन(२०८३।०७।१८)भित्र यस गाउँपालिकाको कृषि शाखामा आवेदन दर्ता गराउनु हुन यस सूचना मार्फत जानकारी गराईन्छ। साथै म्याद नाघि वा रित नपुगी आएको आवेदन उपर यस कार्यक्रम समावेश गराईने छैन ।

| सि.न | कार्यक्रम | लक्ष्य | कार्यक्रम सञ्चालन हुने वडा नं. | कुल बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | एक वडा दुई कृषि पकेट कार्यक्रम | १२ वटा | सम्पुर्ण वडा | २४,००,०००।- | अधिकतम ७५% अनुदान रहने छ । |
| २ | मागको आधारमा विभिन्न कृषि कार्यक्रम | ५ वटा | सम्पुर्ण वडा | ५,००,०००।- | अधिकतम ७५% अनुदान रहने छ । |

आवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः-

१.यसै सूचना साथ संलग्न अनूसूची-६ अनुसारको आवेदन फारम।

२.यसै सूचना साथ संलग्न अनुसूची-१० अनुसारको सक्षिप्त कार्य योजना।

३.कृषि सहकारी/कृषक समुह/टोल विकास संस्थाको प्रमाण-पत्र प्रतिलिपी र दर्ता नविकरण कर चुक्ता प्रतिलिपी।

४.कार्यक्रम सञ्चालन हुने स्थान(जग्गा/जमिन तरकारी वालीको हकमा कम्तीमा २०० रोपनी हुनपर्ने छ जग्गा धनिपुर्जा वा प्रमाण-पत्र प्रतिलिपी ।भाडाको जग्गा भएमा सम्वन्धित वडा कार्यालयको रोहवरमा कम्तीमा ५(पाचँ) वर्षको सम्झौता भएको हुनुपर्नेछ।

५.निवेदन दिइएको कृषि सहकारी/कृषक समुह/टोल विकास संस्थाको सदस्यहरुको नागरिकता प्रमाण-पत्र प्रतिलिपी ।

६.कृषि सहकारी/कृषक समुह/टोल विकास संस्थाको कार्यक्रम सम्वन्धी बैठकको निर्णय प्रतिलिपी।

७.अन्य प्रमाणित प्रमाण पत्रहरु(सम्वन्धित विषयको तालिम,शैक्षिक योग्यता आदि) प्रतिलिपीहरु।

८.राजस्व वापत रु३००।-को रसिद काटी आवेदन पेश गर्नुपर्नेछ।

९.सम्वन्धित वडा कार्यालयको सिफारिस।

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखाः यो सूचना Webite मा अपलोड गरिदिनु हुन ।

.................................

प्रमुख प्रशासकीय अधिकृत

छथर जोरपाटी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोरपाटी, धनकुटा
कोशी प्रदेश, नेपाल

प.सं: २०८३।८४
च.नं:

मितिः-२०८३।०६।१९

विषयः सूचना टाँसे गरिदिने सम्वन्धमा ।

श्री सवै वडा कार्यालय
छथरजोरापाटी गाउँपालिका,धनकुटा ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको एक वडा दुई कृषि पकेट कार्यक्रम/मागको आधारमा विभिन्न कृषि कार्यक्रम सम्वन्धी सूचना पाना संख्या एक(१)थान यसै पत्र साथ संलग्न गरि पठाईएको छ,यो सूचना ताँहा वडा कार्यालयको सूचना पाटीमा टाँस गरी सोको जानकारी पठाई दिनु हुन अनुरोध छ ।

.....................

प्रमुख प्रशासकीय अधिकृत